ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

प.सं.एशियन लाईफ च.नं.क.प्र. १०५३/०७८/०७९

मिति: २०७८/०५/०९

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

एशियन लाईफ इन्स्योरेन्स कं. लि. स्था: २०६४ प्रधान कार्यालय, काठमाडौं

**बिषय : १२औं बार्षिक साधारण सभाको निर्णय ( माईन्यूट) बारे ।**

महोदय ,

यस कम्पनीको आ.ब.२०७५/०७६ को १२औं बार्षिक साधारणसभा मिति २०७८/०४/३१ गते आइतवार सम्पन्न भएकोले कम्पनीको साधारण सभाले गरेका निर्णय (माईन्यूट) जानकारीको लागि यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय

(प्रकाश सिंह कठायत )
**कम्पनी सचिव**

**बोधार्थ:**

१.श्री बीमा समिति
कुपण्डोल, ललितपुर : जानकारीको लागि

२.श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल ललितपुर: जानकारीको लागि

३.श्री सि डि एस एण्ड क्लियरीङ लि
पुतलीसडक, काठमाण्डौ : जानकारीको लागि ।

४.श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं जानकारीको लागि ।

आर्थिक अभियान राष्ट्रिय दैनिक
मिति २०७८ भाद्र ०९ गते

**"सामाजिक सुरक्षा र बचतको लागि बीमा गरौं"**

## १२ औं वार्षिक साधारण सभाको काम कारवाहीको निर्णय (माईन्यूट) विवरण सम्बन्धमा

# एशियन लाईफ ईन्स्यरेन्स कम्पनी लिमिटेड कम्पनी

## ऐन २०६३ को दफा ७५ (३) को व्यवस्था बमोजिमको सूचना

१. **सभाको संचालन** : एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको १२ औं वार्षिक साधारण सभा, संचालक समितिका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यूको अध्यक्षतामा मिति २०७८/०४/३१ गते (तदनुसार, अगष्ट १५, २०२१) आइतवार, होटल क्लासिक सिमरा, बारामा सम्पन्न भयो ।

२. **शेयरधनीहरुको उपस्थिति** : शेयरधनीहरु स्वंय ४५ जना, शेयरधनीहरुको प्रोक्सि मार्फत ९३ जना तथा जम्मा उपस्थिति; शेयर संख्याको आधारमा ६३.३५ प्रतिशत थियो ।

३. **सूचना प्रकाशन** : कम्पनीको १२औं वार्षिक साधारण सभाको सूचना आर्थिक अभियान राष्ट्रिय दैनिकमा मिति २०७८/०४/१० गतेको अंकमा पहिलो पटक तथा मिति २०७८/०४/२४ गते सोही पत्रिकामा दोश्रो पटक साथै वार्षिक प्रतिवेदन पुस्तिका शेयरधनी महानुभावहरुको उपलब्ध ठेगानामा हुलाक, कुरियर र कर्मचारी मार्फत पठाईएको थियो । साथै कम्पनीको वार्षिक प्रतिवेदन तथा साधारण सभाको विस्तृत विवरण कम्पनीको वेभसाईटमा समेत राखिएको थियो ।

४. **वार्षिक प्रतिवेदन प्रस्तुती** : सभाका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ ज्यूले आर्थिक वर्ष २०७५/०७६ को संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । सभामा १ जना शेयरधनी महानुभावबाट जिज्ञासा एवं सुझाव प्रस्तुत गर्नु भएको थियो ।

६. **सभाको निर्णयहरु** : साधारणसभाबाट छलफल पश्चात निम्नानुसार प्रस्तावहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**(क) सामान्य प्रस्ताव :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष.२०७५/०७६ (NFRS बमोजिम) अषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथि छलफल भई पारित गर्ने निर्णय गरियो ।

३. संस्थापक शेयरधनी (समूह क) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद-४ र सर्वसाधारण शेयरधनी (समूह ख) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद-२, को निर्वाचन गर्ने र १ जना स्वतन्त्र विज्ञ संचालक मनोनित गर्ने बारे छलफल हुँदा अगामी चार वर्षको लागी संचालक समिति सदस्य पदमा संस्थापक शेयरधनीको तर्फबाट श्री दिपक कुमार श्रेष्ठ, श्री सुरेन्द्र कुमार गोयल, श्री सुशान्त चाचान र श्री निष्ठा प्रधानाङ्ग राजभण्डारी निर्विरोध निर्वाचित हुनु भएको छ । साधारण शेयरधनीहरुको तर्फबाट श्री शौरभ रुंगटा र श्री सजल मास्के निर्विरोध निर्वाचित हुनु भएको छ । त्यसैगरी स्वतन्त्र विज्ञ संचालकमा श्री अच्यूत राज सापकोटालाई सर्वसम्मतले मनोनयन गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव :**

१. कम्पनीको पूँजी संरचनामा रहेको संस्थापक र सर्वसाधारण शेयर समूहको विद्यमान ७०:३० को शेयर अनुपातलाई ६० प्रतिशत संस्थापक र ४० प्रतिशत सर्वसाधारण शेयरमा परिणत गर्न प्रबन्धपत्रको दफा ६(२) संशोधन गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

२. कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ उपदफा १(ग) ले निर्धारणा गरेको विमा भन्दा बढी भएको खर्च रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

३. बीमा समिति, कम्पनी रजिष्ट्रार कार्यालय तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**(ग) विविध** : विविध शिर्षक अन्तर्गत छलफलको विषयहरु प्रस्तुत नभएको ।

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.

प्रधान कार्यालय
एशियन लाईफ भवन, मैतीदेवी, काठमाण्डौं
फोन नं. ०१-४५१०११४, ४४३०२७०
इमेल: asianlife@asianlife.com.np

www.asianlife.com.np